USAID
अमेरिकी जनताबाट

# सिमान्तकृत समुदायका लागि एकिकृत माछापालन कार्यक्रम

## पोखरीमा गरिने वार्षिक कार्यतालिका

### फाल्गुण

- पोखरीमा माछाभुरा राख्नु अघि पोखरीलाई राम्ररी सुकाउने।
- पोखरीको डिल, पानीको प्रवेश तथा निकास मर्मत गर्ने।
- पोखरीको झारपात सरसफाई गर्ने।
- पोखरीको पिंधको माटो सफा गर्ने तथा पिंध जोत्ने।
- एकिकृत माछा पालन गर्नका लागी बंगुर वा हांसको खोर निर्माण तथा मर्मत सम्भार गर्ने।




### चैत्र

- पोखरीमा प्रति कठ्ठा १० देखि १५ किलो घर पोत्ने चुन छर्ने।
- प्रति कठ्ठा १०० किलो पाकेको गोवर/कम्पोष्ट मल, ५ किलो डि.ए.पी. र ५ किलो युरिया मल एक नासले छर्ने।
- पोखरीमा सफा पानी ४, ५ फिट भर्ने।
- पोखरीमा पानी भरेको ५-७ दिन पछि (पानी हरियो भएर आए पछि) प्रति कठ्ठा ४०० देखि ५०० गोटा मानव औंला साईजका माछाभुरा स्टक गर्ने।
- एकिकृत माछा पालनका लागी बंगुरका पाठापाठी वा हांसका चल्लाको व्यवस्थापन गर्ने।






### वैशाख

- सानो अवस्थामा माछाको लागि कुल शारिरीक तौलको ३ देखि ५ प्रतिशतका हिसावले मात्रा निर्धारण गरी नियमित दाना दिने।
- गाँउ घरमा उपलव्ध हुने धानको ढुटो आधा भाग र तोरिको पिना आधा भाग मिलाएर माछाको लागी परिपुरक दाना बनाएर दिनु पर्छ। दानाको प्रयोग सकभर विहानपख गर्नु राम्रो हुन्छ।
- पानीको गुणस्तर तथा माछाको आनीबानी नियमित रूपमा निरिक्षण गर्ने।
- अत्याधिक गर्मिका कारण बिहानीपख वा रातीको समयमा माछा पोखरीको माथिल्लो सतहमा आई प्याक प्याक गर्न सक्ने भएको र यो अवस्था हुनु पानीमा घुलित अक्सिजन कम भएकाले पानी चलाउने वा पानी थप्ने व्यवस्था मिलाउने।
- आगामि वर्षका लागि कमनकार्पको भुरा स्टक गर्ने।



### जेष्ठ

- हरेक १५ दिनमा माछाको बृद्धि तथा स्वास्थ्य जांच गर्ने।
- माछा ५० ग्राम भन्दा ठुलो भएपछि कुल शारिरीक तौलको २ देखि ३ प्रतिशतका हिसावले मात्रा निर्धारण गरी नियमित दाना दिने।
- गर्मि मौसमको कारण राती र बिहानपख पोखरीमा अक्सिजनको कमी हुनसक्ने भएकाले नियमित रूपमा पोखरीको निरिक्षण गर्ने।
- पानीको गुणस्तर निरिक्षण गरी आवस्यक भएमा मल प्रयोग गर्ने।
- आगामि वर्षको लागि कमन तथा ग्रासकार्पको भुरा स्टक गर्ने।
- बंगुरका पाठापाठी वा हांसका चल्लाहरुलाई नियमित दाना दिने।




### आषाढ

- कुल शारिरीक तौलको २ देखि ३ प्रतिशतका हिसावले मात्रा निर्धारण गरी नियमित
- दाना दिने।
- माछाको आनीबानी नियमित रूपमा निरिक्षण गर्ने।
- आगामि वर्षको लागि सिल्भर र बिगहेडकार्पको भुरा स्टक गर्ने।
- बंगुरका पाठापाठी वा हांसका चल्लाहरुलाई नियमित दाना दिने।




### श्रावण

- माछाको लागि बृद्धि जांच अनुरुप नियमित दाना दिने।
- ग्रासकार्प माछाका लागी केराको पात, कलिलो घासपात तथा अन्य उपलव्ध घास दिने। पोखरीमा ग्रास कार्प माछालाई आवस्यक घाँस सांझपख राख्नु पर्छ अन्यथा अरु माछालाई दिईने दाना खाई दिन्छ।
- बंगुरका पाठापाठी वा हांसका चल्लाहरुलाई नियमित दाना दिने।
- पोखरीको डिलमा घास तथा तरकारी लगाउने।
- पोखरीको अवस्था तथा माछाको चाललाई रातीको समयमा अनिवार्य रूपमा निरिक्षण गर्ने।
- बर्षातको मौसम भएकोले पोखरी वाट पानी चुहिरहेको छ कि ख्याल गर्ने।
- आगामि वर्षको लागि पोखरीमा आवस्यकता अनुसारको भुरा स्टक गर्ने।






## थप जानकारीका लागि सम्पर्क


रूपान्तरण नेपाल
RUPANTARAN NEPAL

रुपान्तरण नेपाल
पोष्ट बक्स नं. : ७३४५, दोभान टोल, कोटेश्वर, काठमाडौं
फोन नं : + ९७७-०१-४१५४९४९
ईमेल : mail@rupantaran.org.np
वेबसाईट : www.rupantaran.org.np



यो सामाग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरुको सहयोगका कारण सम्भव भएको हो । यस सामग्री भित्रका विषयवस्तु तयार नेपालको एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।

USAID
अमेरिकी जनताबाट


# सिमान्तकृत समुदायका लागि एकिकृत माछापालन कार्यक्रम

# पोखरीमा गरिने वार्षिक कार्यतालिका

## भाद्र

- माछाको लागि बृद्धि जांच अनुरुप कुल शारिरीक तौलको २ देखि ३ प्रतिशतका हिसावले मात्रा निर्धारण गरी नियमित दाना दिने ।
- बंगुरका पाठापाठी वा हांसका चल्लाहरुलाई नियमित दाना दिने ।
- यो मौसममा बिहानीपख वा रातीको समयमा माछा पोखरीको माथिल्लो सतहमा आई प्याक प्याक गर्न सक्ने भएको र यो अवस्था हुनु पानीमा घुलित अक्सिजन कम भएकाले पानी चलाउने वा पानी थप्ने व्यवस्था मिलाउने ।
- पानीको गुणस्तर निरिक्षण गर्ने ।
- आगामि वर्षको लागि रोहु, नैनी र भाकुरा जातका माछाको भुरा स्टक गर्ने ।






## असोज

- माछाको लागि बृद्धि जांच अनुरुप नियमित दाना दिने ।
- बंगुरका पाठापाठी वा हांसका चल्लाहरुलाई नियमित दाना दिने ।
- पानीको गुणस्तर निरिक्षण गर्ने आवस्यक भएमा कम्पोष्ट (प्रति कठ्ठा ३० किलोग्राम प्रत्येक १५ दिनको फरकमा) तथा रासायनिक मल (प्रति कठ्ठा ०.५ किलोग्राम डि. ए. पि. र ०.५ किलोग्राम यूरिया प्रति हप्ता) प्रयोग गर्ने ।
- माछाको आनीबानी नियमित रुपमा निरिक्षण गर्ने ।
- प्रतिपक्षी जिवहरुको नियन्त्रण गर्ने ।






## कार्तिक

- नियमित रुपमा दाना दिने ।
- पानीको गुणस्तर नियमित रुपमा निरिक्षण गर्ने ।
- माछाको आनीबानी नियमित रुपमा निरिक्षण गर्ने ।



## मंसिर

- नियमित दाना दिने ।
- माछाको शरिरमा घाउ तथा चोटपटक देखिएमा प्रति कठ्ठा १५ किलोग्राम घरपोल्ने चुन पानीमा घोलेर पोखरीको चारैतिर पर्नेगरि छर्ने ।
- पानीको गुणस्तर निरिक्षण गरी आवस्यक भएमा कम्पोष्ट (प्रति कठ्ठा ३० किलोग्राम प्रत्येक १५ दिनको फरकमा) तथा रासायनिक मल (प्रति कठ्ठा डि. ए. पि. ०.५ किलोग्राम र यूरिया ०.५ किलोग्राम प्रति हप्ता) प्रयोग गर्ने ।




## पौष

- जाडो समयमा अन्य समय भन्दा बढि बिक्रि मुल्य हुने भएकोले माछा बिक्रिवाट वढि फाईदा लिन सकिन्छ ।
- जाडो समयमा सबै माछा बिक्रि गरी पोखरी खाली गर्न सके नयाँ माछा राख्न पोखरी तयारी गर्न उपयुक्त समय हुने । यदि पोखरी खाली हुन नसके जुन जात जति संख्यामा निकालीएको हो सोहि संख्यामा अर्को नयाँ माछा राख्न सजिलो हुन्छ ।



## माघ

- पोखरीवाट माछा निकाली बिक्रि वितरण गर्ने ।
- माछा पोखरीवाट झिकेको एक, दुई घण्टा भित्र मात्र उपभोग गर्ने हो भन्ने माछाको आन्द्रा भुँढी निकालेर सफा पारी राख्नु पर्छ ।
- यदि माछा झिकेको ५-७ घण्टा पछि मात्र विक्रि वा उपभोग गर्ने हो भन्ने माछालाई सफा पानीले राम्ररी सफा गरी फ्रीज वा वर्फमा प्याक गरी राख्नु पर्छ ।




## थप जानकारीका लागि सम्पर्क

रुपान्तरण नेपाल
RUPANTARAN NEPAL

रुपान्तरण नेपाल
पोष्ट बक्स नं. : ७३४५, दोभान टोल, कोटेश्वर, काठमाडौं
फोन नं : + ९७७-०१-४१५४९४९
ईमेल : mail@rupantaran.org.np
वेबसाईट : www.rupantaran.org.np

यो सामाग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरुको सहयोगका कारण सम्भव भएको हो । यस सामाग्री भित्रका विषयवस्तु तयार नेपालको एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।